नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

## मिति: २०८३/०५/११

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट तथा धादिङ जिल्लाका विद्युत् पूर्वाधारमा क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय तथा नेपाल विद्युत् प्राधिकरणले विद्युत् सेवा पुनर्स्थापनाका लागि उच्च प्राथमिकताका साथ कार्य अघि बढाएका छन्। हालसम्म भएका प्रमुख कार्यहरू निम्नानुसार रहेका छन्

- भोटेकोशी बाढीका कारण क्षति पुगेका क्षेत्रमा वैकल्पिक प्रसारण व्यवस्थामार्फत विद्युत् सेवा पुनःसुचारु गरिएको।
- बट्टार र त्रिशूली बजारमा बालाजु-त्रिशूली तथा चपली-देवीघाट ६६ केभी प्रसारण लाइनलाई ११ केभीमा चार्ज गरी विद्युत् आपूर्ति सुचारु गरिएको। खरानीटार, समुन्द्रटार, चौगाडा, लिखु, पञ्चकन्या, विदुरलगायत नुवाकोटका विभिन्न क्षेत्रमा सिन्धुपाल्चोकतर्फको वैकल्पिक लाइनमार्फत विद्युत् सेवा सञ्चालनमा ल्याइएको।
- त्रिशूली क्षेत्रका केही स्थानमा धादिङको सल्यानटार सबस्टेसनमार्फत वैकल्पिक विद्युत् आपूर्ति व्यवस्था मिलाइएको। काठमाडौं तथा आसपासका क्षेत्रबाट दक्ष प्राविधिक जनशक्ति, उपकरण तथा आवश्यक स्रोतसाधनसहितका टोली प्रभावित क्षेत्रमा परिचालन गरी मर्मत, निरीक्षण तथा वैकल्पिक आपूर्ति व्यवस्थापनलाई तीव्रता दिइएको।
- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको निर्देशनमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायु कुमार श्रेष्ठको नेतृत्वमा उच्चस्तरीय टोली प्रभावित क्षेत्रमा परिचालित भई उद्धार, क्षति मूल्याङ्कन तथा विद्युत् पुनर्स्थापनाको कार्य गरिरहेको।
- नेपाली सेनाको हेलिकप्टर अपर त्रिशूली-३ "ए" जलविद्युत् आयोजना क्षेत्रमा सफलतापूर्वक अवतरण गरी आयोजनामा रोकिएका कर्मचारीहरूको उद्धार तथा स्थलगत क्षति मूल्याङ्कन कार्य प्रारम्भ गरिएको।
- प्रभावित क्षेत्रमा ६६ केभी लाइनलाई ११ केभीमा चार्ज गरी थप स्थानमा विद्युत् सेवा पुनर्स्थापनाका लागि आवश्यक प्राविधिक कार्य तीव्र रूपमा सञ्चालन भइरहेको।
- बाढीबाट १२ वटा जलविद्युत् आयोजनामा क्षति पुगेको तथा करिब ४३१.१ मेगावाट विद्युत् उत्पादन अवरुद्ध भएको प्रारम्भिक विवरण प्राप्त भएको।
- त्रिशूलीस्थित २२० केभी थ्री बी हब सबस्टेसन पूर्ण रूपमा क्षतिग्रस्त भएको तथा ६ वटा प्रसारण लाइन अवरुद्ध भएको प्रारम्भिक आङ्कलन गरिएको।

नेपाल सरकार
# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

- ऊर्जा मन्त्रालयले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (AEPC) सँग समन्वय गरी प्रभावित क्षेत्रमा सोलार विजुली तथा मोबाइल चार्जिङको व्यवस्था गर्न ५०० थान सोलार पावर बैंक पठाउने निर्णय गरेको। उक्त सोलार पावर बैंकहरू प्रधानमन्त्रीको नेतृत्वमा रहेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् मार्फत प्रभावित क्षेत्रमा वितरण गरिने।
- लोड डिस्प्याच सेन्टर (एलडिसी) को निरीक्षणमार्फत विद्युत् प्रणालीको समग्र अवस्था, आपूर्ति व्यवस्थापन तथा प्रणाली सञ्चालनको निरन्तर अनुगमन भइरहेको।
- सिन्धुपाल्चोकको समुद्रटार-चौघोडा सबस्टेसन सञ्चालन, धादिङबेसी सबस्टेसनमार्फत विद्युत् आपूर्ति विस्तार तथा सम्भव भएका अन्य क्षेत्रमा पेट्रोलिङ र मर्मत गरी विद्युत् सेवा पुनःस्थापना गर्ने कार्य जारी रहेको। आवश्यक परेमा भिमफेदीस्थित जेनेरेटर प्रभावित क्षेत्रमा परिचालन गर्न तयारी अवस्थामा राखिएको।
- नेपाल विद्युत् प्राधिकरणले बाढीबाट क्षतिग्रस्त सम्पूर्ण विद्युत् संरचनाको निरन्तर मूल्याङ्कन गर्दै सम्भव भएका क्षेत्रमा वैकल्पिक प्रणालीमार्फत तत्काल विद्युत् आपूर्ति तथा क्षतिग्रस्त संरचनाको मर्मत गरी नियमित विद्युत् सेवा यथाशीघ्र पुनःस्थापना गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अघि बढाइरहेको।
- ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरण प्रभावित नागरिकलाई यथाशीघ्र सुरक्षित, भरपर्दो र नियमित विद्युत् सेवा उपलब्ध गराउन आवश्यक सबै प्राविधिक तथा व्यवस्थापकीय उपाय अवलम्बन गर्दै निरन्तर कार्य गरिरहेको।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता